मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ · अंक २७५ · २०८३ साल भाद्र २५ गते बिहीबार · Thursday 10, September 2026 · सूर्योदय: बिहान ०५:४४ बजे · सूर्यास्त: साँझ ०६:१९ बजे · पृष्ठ ४ · मूल्य रु. ५/-

## १३२ बोत्तल लागुऔषधसहित एक पक्राउ

**मधेशदृष्टि**
**सिरहा।**
सिरहाको लहानबाट प्रहरीले १२३ बोतल लागुऔषध सहित स्कारपियो चालकलाई पक्राउ गरेको छ। लहान नगरपालिका–३ स्थित ठाडी रोडमा बुधबार बिहान विशेष सूचनाका आधारमा लहान नगरपालिका–१० का ४१ वर्षीय विजयकुमार बिसुकेलाई पक्राउ गरिएको हो।
सुरक्षा बेस लहान र इलाका प्रहरी कार्यालय लहानबाट खटिएको संयुक्त टोलीले स.१च १४१४ नम्बरको स्कारपियोलाई रोकेर जाँच गरेको थियो । जाँचका क्रममा गाडीभित्र कोरेक्स–सी १०० एमएलका १२३ बोतल फेला परेको सशस्त्र प्रहरी सिरहाका प्रमुख एसपी सुमनजंग थापाका जानकारी गराए।
यसैबिच, सिरहामा सशस्त्र प्रहरीले ठूलो परिमाणमा प्रतिबन्धित लागुऔषध गाँजा बरामद गरेको छ। सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाबाट खटिएको मोबाइल गस्ती टोलीले औरही गाउँपालिका–४, इट्टाटारस्थित सीमा इलाकाबाट १५७ किलो २०७ ग्राम गाँजा बरामद गरेको हो।
सशस्त्र प्रहरीका अनुसार गएराति नेपालबाट अवैध रूपमा टाउकोमा बोकेर भारततर्फ लैजाँदै गरेको अवस्थामा गस्ती टोलीलाई देखेपछि गाँजा बोकेका व्यक्तिहरू गाँजा छाडेर फरार भएका थिए।

### क्यासिनो काण्डमा नयाँ ट्विस्टः

# दुईजना अध्यक्षको भिडियो सार्वजनिक

## एक पक्राउ, अर्कामाथि किन मौन प्रहरी ?

**क्यासिनोमा जनप्रतिनिधिको जमघट ? पक्राउ प्रकरणपछि सार्वजनिक भिडियोले खोल्यो नयाँ पाटो**






**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–१४ गण्डकस्थित 'गोल्डेन फिङ्गर गेमिङ जोन प्रा.लि.' मा प्रहरीले छापा मारेको रात क्यासिनोभित्र जुवा खेलिरहेको देखिने भिडियो सार्वजनिक भएपछि घटनाले नयाँ मोड लिएको छ । सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त यादवसँगै जिराभवानी गाउँपालिकाका अध्यक्ष अनोज चौधरीपनि क्यासिनोभित्र रहेको देखिने भिडियो सार्वजनिक भएपछि पक्राउ तथा अनुसन्धान प्रक्रिया थप पेचिलो बन्दै गएको छ। गत शनिबार राति प्रहरीले उक्त क्यासिनोमा छापा मारेर जुवा खेलेको आरोपमा अध्यक्ष यादवसहित चारजना नेपाली नागरिकलाई नियन्त्रणमा लिएको थियो। नेपाली नागरिकलाई क्यासिनोभित्र प्रवेश गराई जुवा खेलाएको आरोपमा क्यासिनोका चार कर्मचारीसमेत पक्राउ परेका थिए।
पक्राउ परेका आठै जनामाथि प्रहरीले जुवासम्बन्धी कसुरमा म्याद थप गरी अनुसन्धान अघि बढाइरहेको जनाएको छ। तर, घटनाकै क्रममा सार्वजनिक भएको भिडियोमा अध्यक्ष यादवसँगै जिराभवानी गाउँपालिका अध्यक्ष चौधरी पनि क्यासिनोभित्र देखिएपछि प्रकरण थप पेचिलो बनेको हो । भिडियोमा टोपी लगाएका एक व्यक्ति चौधरी रहेको दाबी गरिएको छ। क्यासिनो स्रोतका अनुसार प्रहरी टोली छापा मार्न पुगेपछि अध्यक्ष चौधरी क्यासिनोको रेष्ट रुममा लुकेर बसेको चर्चा चलेको थियो । तर सार्वजनिक भएको भिडियोमा उनीजस्तै देखिने व्यक्ति क्यासिनोभित्र रहेको देखिएपछि उक्त दाबी र घटनाक्रमबारे समेत चासो बढेको छ।

- **एउटै घटनामा एक अध्यक्ष पक्राउ, अर्का सम्पर्कविहीन**

घटनाको सबैभन्दा गम्भीर पक्ष अहिले यही बनेको छ क्यासिनोभित्र नेपाली नागरिकको प्रवेश र जुवा खेल्न कानुनी रूपमा प्रतिबन्ध रहेको अवस्थामा सार्वजनिक भिडियोमा दुई स्थानीय तहका निर्वाचित अध्यक्ष देखिएका छन्। तर, एकजना पक्राउ परिसक्दा अर्का अध्यक्षमाथि तत्काल कुनै कारबाही वा नियन्त्रणको अवस्था किन देखिएन भन्ने प्रश्न उठेको छ । प्रहरीले भने सार्वजनिक भिडियो, क्यासिनोको सीसीटीभी फुटेज तथा अन्य उपलब्ध प्रमाणका आधारमा अनुसन्धान भइरहेको बताउँदै आएको छ।
त्यसैले भिडियोमा देखिएको व्यक्ति वास्तवमै अध्यक्ष चौधरी हुन् वा होइनन्, उनी क्यासिनोभित्र कुन उद्देश्यले पुगेका थिए र जुवा खेलेका थिए वा थिएनन् भन्ने विषय अनुसन्धानको निष्कर्षपछि मात्र यकिन हुने देखिन्छ। तर, एउटै स्थान र एउटै समयमा देखिएका दुई निर्वाचित जनप्रतिनिधिमध्ये एकजना अनुसन्धानको दायरामा आउनु र अर्काको विषयमा तत्काल त्यस्तो कदम नदेखिनुले प्रहरीको अनुसन्धान प्रक्रियाको निष्पक्षतामाथि प्रश्न उठ्नु स्वाभाविक भएको छ।

- **'जुवा खेल्न होइन, हेर्न गएको' दाबी**

अध्यक्ष यादव पक्राउ परेपछि उनको बचाउमा विभिन्न दाबी सार्वजनिक भएका छन्। यादव जुवा खेल्न नभई क्यासिनो परिसरको स्वीमिङ पुल क्षेत्रमा खानपिनका लागि पुगेको र त्यस क्रममा कौतूहलवश केही समय क्यासिनोभित्र प्रवेश गरेको दाबी उनका पक्षबाट गरिएको छ। त्यसैगरी, इलाका प्रहरी कार्यालय पोखरियाका प्रमुख प्रहरी निरीक्षक प्रदीप पौडेलको पटक–पटकको फोन आएपछि यादव त्यहाँ पुगेको र उनी पुगेको करिब १९ मिनेटपछि मात्रै प्रहरीको छापा परेको दाबीसमेत बाहिर आएको छ।
तर, यस्ता दाबीको सत्यता अनुसन्धानबाट पुष्टि हुन बाँकी छ। अनुसन्धानको निष्कर्ष नआउँदै 'जुवा खेल्न गएको होइन, हेर्न मात्र गएको' भन्ने दाबीलाई व्यापक रूपमा प्रचार गरिनुले घटनाको वास्तविक तथ्य ओझेलमा पार्ने प्रयास भइरहेको हो कि भन्ने प्रश्नसमेत उठेको छ। यादवले जुवा खेले वा खेलेनन् भन्ने विषय प्रमाणबाट टुंगो लाग्ने विषय हो। तर, निर्वाचित जनप्रतिनिधि क्यासिनो परिसरमा पुगेको तथ्य, त्यहाँबाट गाउँपालिकाको सरकारी सवारीसाधन नियन्त्रणमा परेको अवस्था र उनीसँगै कार्यरत प्रहरी निरीक्षकसमेत पक्राउ परेको घटनालाई केवल 'खानपिन' वा 'हेर्न गएको' दाबीले मात्रै समाप्त गर्न नसकिने देखिन्छ।

- **सरकारी गाडीदेखि प्रहरी निरीक्षकसम्मको कनेक्सनले बढायो चासो**

क्यासिनो प्रकरणमा पक्राउ पर्नेमा अध्यक्ष यादवसँगै इलाका प्रहरी कार्यालय पोखरियाका प्रमुख प्रहरी निरीक्षक प्रदीप पौडेल, चन्दन सहनी र वीरगंज–११ का ओमप्रकाश बैठा रहेका छन्। उनीहरूसँगै नेपाली नागरिकलाई क्यासिनो प्रवेश गराई जुवा खेलाएको आरोपमा क्यासिनोका चार कर्मचारीसमेत प्रहरी नियन्त्रणमा छन्।
घटनामा निर्वाचित जनप्रतिनिधि, प्रहरी अधिकारी र क्यासिनो कर्मचारीसमेत जोडिएपछि प्रकरण सामान्य जुवा खेल्ने घटनामा सीमित नरहेको भन्दै विभिन्न कोणबाट प्रश्न उठ्न थालेका छन् । विशेषगरी क्यासिनोमा नेपाली नागरिकको प्रवेश, उनीहरूको गतिविधि र क्यासिनो व्यवस्थापनको सम्भावित भूमिकाबारे प्रहरीले प्रमाणमा आधारित अनुसन्धान गर्नुपर्ने देखिन्छ।

- **अपुष्ट प्रचारले अनुसन्धान प्रभावित हुन सक्छः एसपी**

घटनापछि सामाजिक सञ्जालमा विभिन्न दाबी, आरोप र प्रत्यारोप सार्वजनिक भइरहेका बेला पर्साका प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले कतिपय सामग्री तथ्यहीन रहेको बताएका छन्। उनका अनुसार पक्राउ परेका व्यक्तिले कसैलाई चुनौती दिएको, प्रमाण मागेको वा सोही विषयमा संवाद भएको भन्ने दाबीमा सत्यता छैन । अनुसन्धान जारी रहेको अवस्थामा सामाजिक सञ्जालमार्फत फैलाइने अपुष्ट सामग्रीले अनुसन्धानलाई प्रभावित पार्न सक्ने भन्दै उनले तथ्यमा आधारित सूचना सम्प्रेषण गर्न आग्रह गरेका छन्।
प्रहरीको यो भनाइले पनि अहिलेको क्यासिनो प्रकरणमा प्रचार

*बाँकी पृष्ठ ३ मा*

## राजमार्ग सीमा भित्रका संरचना हटाउने

### बाँकी काम एक साताभित्र सम्पन्न गर्ने तयारी

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज गण्डक देखि मितेरी पुलसम्म राजमार्ग सीमा भित्रका संरचना हटाउने बाँकी काम एक साताभित्र सम्पन्न गर्ने लक्ष्यसहित सडक डिभिजन कार्यालय हेटौंडाले काम तीव्र पारेको छ। सडक सीमाभित्र रहेका अधिकांश संरचना हटाइसकिएको र सिद्धार्थ बैंक, पमपम बिल्डिङ तथा हनुमान मन्दिर पछाडिका केही बाँकी संरचना हटाउने काम भइरहेको सडक डिभिजनका फोकल पर्सन तथा इन्जिनियर दुर्गाप्रसादले जानकारी दिए। घण्टाघरदेखि माइस्थान चोकसम्म केही भवनको सडक सीमाबारे अन्योल रहेकाले पुनः नापजाँच गरिने भएको छ। नापजाँचसहित मुख्य सडक विस्तारको सम्पूर्ण काम आगामी सोमबारसम्म सम्पन्न गर्ने लक्ष्य रहेको डिभिजनले जनाएको छ। यसअघि सडक सीमाभित्र पर्ने संरचना हटाउन घरधनीलाई समय दिइए पनि बाँकी रहेपछि डोजर परिचालन गरी संरचना हटाउने काम अघि बढाइएको हो।
यसैबिच, वीरगन्जको मुख्य सडक विस्तार कार्य अन्तर्गत सडकको दायाँबायाँ २५÷२५ मिटर क्षेत्र खाली गराउने काम चलिरहेका बेला घण्टाघर क्षेत्र विवादमा तानिएको छ। घण्टाघरस्थित नेपाल टेलिकमको स्वामित्वमा रहेको जग्गा तथा ऐतिहासिक भवनमा सडक डिभिजन कार्यालय हेटौंडाले नक्सा भन्दा बढी दाबी गरेको भन्दै टेलिकमले आपत्ति जनाएको छ।
टेलिकमले सडक डिभिजनको निर्णयविरुद्ध अदालतमा समेत कानूनी उपचार खोजेको जनाउदै, टेलिकम प्रादेशिक कार्यालय, वीरगन्जका निर्देशक श्रीभद्र घिमिरेले, सडक विस्तार कार्यसँग टेलिकमको कुनै विवाद नरहेको, तर सडक डिभिजन कार्यालयको पछिल्लो कार्यशैली पक्षपातपूर्ण देखिएको बताए।

## होटल अमन प्यालेसमा सशस्त्रको छापा, १३२ ग्राम ब्राउन सुगरसहित एकजना पक्राउ




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–१६ लिंकरोडस्थित होटल अमन प्यालेसमा सशस्त्र प्रहरीले छापा मार्दा ठूलो परिमाणमा लागूऔषध ब्राउन सुगरसहित एक भारतीय नागरिक पक्राउ परेका छन्। विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बल नेपालको इन्टेलिजेन्स ब्युरोबाट परिचालित टोलीले बुधबार दिउँसो होटलमा छापा मारेको थियो। छापाका क्रममा होटलको कोठा नम्बर २०५ मा बसेका भारत बिहारको रक्सौल–१३ का करिब ३५ वर्षीय विशाल कुशवाहालाई नियन्त्रणमा लिइएको सशस्त्र प्रहरीले जनाएको छ।
प्रहरीका अनुसार कुशवाहाको साथबाट १३२ ग्राम ३२ मिलिग्राम ब्राउन सुगर बरामद भएको छ । वीरगंजमा ठूलो परिमाणको लागूऔषधसहित भारतीय नागरिक पक्राउ परेपछि सीमावर्ती क्षेत्रमा हुने लागूऔषध कारोबारमाथि सुरक्षा निकायको निगरानी थप कडा बनेको संकेतका रूपमा यस घटनालाई हेरिएको छ।
लागूऔषधसँगै प्रहरीले कुशवाहाले प्रयोग गरिरहेको बीआर ०५ बीएस ०४१९ नम्बरको कालो मोटरसाइकलसमेत नियन्त्रणमा लिएको छ । त्यस्तै, उनको साथबाट एक थान एन्ड्रोइड मोबाइल, नेपाली नगद ३२ हजार १ सय रुपैयाँ र भारतीय नगद ४ हजार २ सय रुपैयाँ बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ। विशेष सूचनाको आधारमा होटलको कोठामै पुगेर गरिएको छापाका क्रममा लागूऔषध बरामद भएपछि पक्राउ परेका कुशवाहामाथि





*बाँकी पृष्ठ ३ मा*

### ठगी आरोपमा पक्राउ परेका ठाकुरलाई

# पाँच दिन हिरासतमा राख्न अदालतको अनुमति

**मधेशदृष्टि**
**वीरगंज।**
ठगी तथा विश्वासघातसम्बन्धी आरोपमा पक्राउ परेका नापी कार्यालयका पूर्वकर्मचारी सञ्जय कुमार ठाकुरलाई पर्सा जिल्ला अदालतले पाँच दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको छ।
काठमाडौंको शान्तिनगरबाट मंगलबार पक्राउ परेका ठाकुरलाई बुधबार पर्सा ल्याइएको थियो। जिल्ला प्रहरी कार्यालय पर्साले आवश्यक अनुसन्धानका लागि उनलाई अदालतमा उपस्थित गराएपछि अदालतले पाँच दिन हिरासतमा राख्न अनुमति दिएको हो।
जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लका अनुसार ठाकुरविरुद्ध गत असोज ४ गते ठगीसम्बन्धी मुद्दा दर्ता भएको थियो। सोही मुद्दामा थप अनुसन्धान अघि बढाउने क्रममा उनलाई काठमाडौंमा पक्राउ गरिएको हो । प्रहरीका अनुसार ठाकुर लामो समयदेखि वीरगञ्जका विभिन्न घरजग्गा तथा आर्थिक विवादसँग जोडिँदै आएका थिए । विशेषगरी नबिल बैंक, एनआईसी एसिया बैंक, पूजन होटल र स्काइलाइन मलसँग सम्बन्धित जग्गा विवादमा समेत उनको नाम जोडिएको प्रहरी स्रोतको भनाइ छ । यद्यपि, ती विवादमा उनको वास्तविक भूमिका र संलग्नताबारे सम्बन्धित निकायबाट अन्तिम निष्कर्ष सार्वजनिक हुन बाँकी छ।

- **घरजग्गा विवादमा लामो समयदेखि चर्चामा**

सर्लाहीको बलरा नगरपालिका–८ स्थायी घर भएका ठाकुर नापी कार्यालयका पूर्वकर्मचारी हुन् । सरकारी सेवामा रहँदा नापीसम्बन्धी काममा संलग्न रहेका उनी सेवा छाडेपछि भने विभिन्न घरजग्गासम्बन्धी विवादका कारण चर्चामा आउँदै आएका थिए। प्रहरीले अहिले दर्ता भएको ठगीसम्बन्धी मुद्दालाई केन्द्रमा राखेर अनुसन्धान अघि बढाएको छ। पाँच दिनको हिरासत अनुमति पाएसँगै प्रहरीले आरोपसँग सम्बन्धित कागजात, आर्थिक कारोबार, जग्गासम्बन्धी विवरण तथा अन्य प्रमाणहरू संकलन गर्ने तयारी गरेको छ।



- **नक्कली शैक्षिक प्रमाणपत्र प्रकरणमा अख्तियारको मुद्दा**

ठाकुरको विगत पनि विवादमुक्त देखिँदैन । उनीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी अधिकृत पदमा बढुवा भएको आरोपमा मुद्दा दायर गरेको विवरण सार्वजनिक भएको छ। उक्त मुद्दामा दोषी ठहर भएपछि ठाकुरले सरकारी सेवाबाट राजीनामा दिएको बताइएको छ।
सरकारी सेवामा रहँदा नै विवादमा परेका ठाकुर सेवा छाडेपछि पनि घरजग्गा तथा आर्थिक कारोबारसँग सम्बन्धित विवादमा जोडिँदै आएको आरोप लाग्दै आएको थियो । सरकारी सेवामा प्रवेश गर्नुअघि ठाकुरले तत्कालीन कृषि मन्त्री महन्त ठाकुरको सचिवालयमा काम गरेको तथा केही समय हुलाक कार्यालयमा करार सेवामा समेत कार्यरत रहेको बताइन्छ।

- **पक्राउसँगै पुराना विवाद फेरि चर्चामा**

ठगीसम्बन्धी मुद्दामा ठाकुर पक्राउ परेसँगै वीरगञ्जमा उनीसँग जोडिएका पुराना घरजग्गा विवादहरू पनि पुनः चर्चामा आएका छन्। विशेषगरी बैंक, होटल तथा व्यावसायिक प्रतिष्ठानसँग सम्बन्धित जग्गा विवादमा उनको नाम जोडिनुले पछिल्लो पक्राउलाई थप चासोका साथ हेरिएको छ।
प्रहरीले भने अहिलेको अनुसन्धानलाई दर्ता भएको ठगीसम्बन्धी मुद्दामै केन्द्रित रहेको जनाएको छ। विगतमा विभिन्न विवादमा नाम जोडिएको आधारमा मात्र कसैलाई दोषी ठहर गर्न नसकिने भएकाले प्रमाणका आधारमा अनुसन्धान अघि बढाउनुपर्ने देखिन्छ।
अदालतबाट पाँच दिनको हिरासत अनुमति पाएपछि अब प्रहरीले ठाकुरविरुद्धको आरोपसँग सम्बन्धित प्रमाणहरू संकलन, बयान तथा कारोबारसम्बन्धी विवरणको अध्ययन गर्नेछ । ठगीको आरोपमा वास्तविकता के हो, कसरी र कसलाई ठगी गरिएको हो तथा त्यसमा ठाकुरको भूमिका कस्तो थियो भन्ने विषय अनुसन्धानपछि मात्र स्पष्ट हुनेछ।
तर, नापी कार्यालयको पूर्वकर्मचारीका रूपमा काम गरिसकेका व्यक्ति पटक–पटक घरजग्गा तथा आर्थिक विवादमा जोडिनु र पछिल्लो समय ठगीसम्बन्धी मुद्दामा पक्राउ पर्नुले वीरगंजको घरजग्गा कारोबारमा हुने विवाद, कागजातको विश्वसनीयता र आर्थिक लेनदेनमाथि समेत गम्भीर प्रश्न उठाएको छ।

सम्पादकीय

# बेपत्ताको पीडाः राज्य, शव खोज्ने कि जवाफ ?

रसुवाको भोटेकोशी नदीमा भदौ १० गते आएको विनाशकारी बाढीलाई १४ दिन बितिसकेको छ । नदीको भेलसँगै बगेका घर, संरचना, सडक र पुलहरू क्रमशः खोजी तथा पुनर्निर्माणको विषय बन्दै गएका छन् । तर, आफ्ना प्रियजनको कुनै अत्तोपत्तो नभएका परिवारका लागि भने समय रोकिएको छ । उनीहरूका लागि १३ दिन भनेको १३ वर्षजत्तिकै लामो पीडा हो । हरेक बिहान एउटा आशा पलाउँछ ‘आज खबर आउला ।’ हरेक साँझ त्यो आशा फेरि निराशामा बदलिन्छ । यही हो बेपत्ता परिवारको वास्तविक पीडा । बाढीमा नेपालीसँगै विदेशी नागरिकसमेत बेपत्ता भएको भनिएको छ । सरकारले खोजी तथा उद्धारका लागि प्रयास भइरहेको बताइरहेको छ । सुरक्षा निकाय परिचालित छन्, सम्भावित स्थानमा खोजी भइरहेको छ । तर राज्यका औपचारिक वक्तव्य र पीडित परिवारको वास्तविक जीवनबीच ठूलो खाडल देखिन्छ । परिवारहरू आफैं काठमाडौँदेखि भरतपुर, चितवनदेखि पोखरा, रसुवादेखि नुवाकोट र धादिङसम्म भौंतारिन बाध्य छन् । सार्वजनिक स्थानमा आफ्ना आफन्तका तस्बिर टाँस्दै ‘देख्नुभएको छ भने खबर गरिदिनुहोस्’ भन्दै अपिल गर्नुपर्ने अवस्था छ ।

प्रश्न गम्भीर छ आफ्नो नागरिक खोज्ने जिम्मेवारी पनि राज्यले परिवारकै काँधमा छोडिदिएको हो ? महोत्तरीको जलेश्वर नगरपालिका–१० सारीका ३९ वर्षीय सुशील दासको कथा यही राज्यीय संवेदनहीनताको ऐना हो । कुनै समय नेपाली सेनामा कार्यरत रहेका सुशीलले द्वन्द्वकालमा ज्यान मार्ने धम्कीपछि जागिर छाडे । त्यसपछि चालक बनेर परिवार पाल्दै आएका उनी पर्यटक बोकेर रसुवा पुगेका थिए । भदौ १० गतेको बाढीपछि उनी र उनीसँग गएका पर्यटकको अवस्था अज्ञात छ । सुशीलकी श्रीमती ममताको प्रश्न केवल आफ्नो श्रीमान्को खोजीका लागि होइन, राज्यको उत्तरदायित्वमाथिको प्रश्न हो जीवित भेटाउन सकिँदैन भने कम्तीमा शव त खोजिदिनुस् । यो आग्रह सुन्दा सामान्य लाग्न सक्छ । तर एउटा पत्नीका लागि यो संसारकै सबैभन्दा कठिन माग हो । एउटी आमाका लागि अझ कठिन । एउटी ७० वर्षीया आमाले ‘सरकारले खोजेर ल्याइदेला नि बाबु ?’ भन्दै छोराको बाटो हेर्नु कुनै सामान्य पारिवारिक दुःख होइन । यो राज्यको उपस्थितिमाथि उठेको प्रश्न हो ।

सुशीलका चार सन्तान मुस्कान, मनिसा, विशाल र बिटु अहिले बुवाको प्रतीक्षामा छन् । उनीहरूलाई बाढीको भूगोल थाहा छैन, उद्धारको प्राविधिक कठिनाइ थाहा छैन, सरकारी संयन्त्रका सीमाहरू थाहा छैन । उनीहरूलाई यति मात्र थाहा छ बुवा हराउनुभएको छ र बुवा फर्किनुभएको छैन । त्यसमाथि परिवारको आर्थिक अवस्था कमजोर छ । श्रीमान्को आम्दानी रोकिएको छ । चार सन्तानको पढाइ, खानपान र भविष्यको जिम्मेवारी श्रीमतीको काँधमा आइपरेको छ । यस्तो अवस्थामा ‘खोजी भइरहेको छ’ भन्ने सरकारी जवाफ मात्र पर्याप्त हुँदैन । राज्यले बेपत्ता परिवारलाई राहत, मनोसामाजिक सहयोग, सूचना र दीर्घकालीन पुनस्र्थापनाको स्पष्ट योजना दिनुपर्छ । अझ गम्भीर कुरा, महोत्तरीका मात्रै १७ जना भोटेकोशी बाढीमा बेपत्ता भएकामा सात जना सम्पर्कमा आए पनि १० जना अझै सम्पर्कविहीन रहेको बताइएको छ । मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार भोटेकोशी बाढी तथा त्यसबाट प्रभावित घटनामा मधेश प्रदेशका १७८ जना अझै बेपत्ता छन् । यी संख्या केवल तथ्यांक होइनन् । हरेक संख्याको पछाडि एउटा परिवार छ, एउटा घर छ, एउटा आमा छ, एउटा श्रीमती छ, छोराछोरी छन् र एउटा अधुरो जीवन छ । दुर्भाग्य के छ भने विपत्तिको समाचार केही दिनमै पुरानो बन्छ, तर बेपत्ता परिवारको पीडा पुरानो हुँदैन । सञ्चारमाध्यममा बाढीको तस्बिर हराउँछ, राजनीतिक बहस अर्को विषयमा मोडिन्छ, सामाजिक सञ्जालमा नयाँ घटना आउँछ । तर बेपत्ता व्यक्तिका परिवारले हरेक दिन त्यही एउटै प्रश्न बोकेर उठ्नुपर्छ ‘मेरो मान्छे कहाँ छ ?’

त्यसैले सरकारले अब केवल ‘खोजी भइरहेको छ’ भन्ने औपचारिकता दोहोर्याएर बस्नु हुँदैन । खोजी अभियानलाई परिणाममुखी बनाउनुपर्छ । नदीको बहाव, सम्भावित शव बग्ने मार्ग, जलाशय, नदीकिनार, सुरुङ, आयोजनास्थल र जोखिमयुक्त क्षेत्रको वैज्ञानिक ढंगले नक्सांकन गरी विशेष खोजी अभियान चलाउनुपर्छ । आवश्यक परे आधुनिक प्रविधि, दक्ष गोताखोर, ड्रोन, सोनार तथा अन्य उपलब्ध उपकरणको अधिकतम प्रयोग गर्नुपर्छ । सबैभन्दा महत्वपूर्ण कुरा बेपत्ता परिवारलाई नियमित र विश्वसनीय सूचना दिनुपर्छ । उनीहरूलाई प्रहरी कार्यालय, अस्पताल, शवगृह र विभिन्न जिल्लाका कार्यालय धाउन बाध्य पार्नु राज्यको कमजोरी हो । एउटा केन्द्रीय सूचना संयन्त्र बनाएर हराएका व्यक्तिको विवरण, फेला परेका शव, पहिचान भएका व्यक्तिको सूची र खोजीको प्रगतिबारे परिवारलाई तत्काल जानकारी दिने व्यवस्था गर्नुपर्छ । राज्यको जिम्मेवारी जीवित व्यक्ति उद्धार गर्नुमात्र होइन । मृत्यु भएको अवस्थामा पनि शव पहिचान गरी सम्मानपूर्वक परिवारलाई बुझाउनु राज्यको दायित्व हो । परिवारले अन्तिम संस्कार गर्न पाउनु पनि मानवीय अधिकारसँग जोडिएको विषय हो। ‘शव भेटिएन’ भन्ने अनिश्चिततामा परिवारलाई वर्षौंसम्म राख्नु आफैंमा अर्को यातना हो ।

सुशीलकी आमाको प्रश्न ‘सरकारले खोजेर ल्याइदेला नि बाबु ?’ आज केवल एउटी आमाको प्रश्न होइन । यो भोटेकोशी बाढीमा आफ्ना आफन्त गुमाएका सबै परिवारको साझा प्रश्न हो । यो प्रश्नको उत्तर भाषणले होइन, परिणामले दिनुपर्छ । सरकारले विपत्तिपछि उद्धार ग¥यो कि गरेन भन्ने मूल्यांकन मात्र पर्याप्त छैन । अब मूल्यांकन हुनुपर्छ कति बेपत्ताको खोजी भयो ? कति जीवित भेटिए ? कति शव पहिचान भए ? कति परिवारलाई सूचना दिइयो ? र कति परिवार अझै अनिश्चितताको अन्धकारमा छन् ? विपत्ति प्रकृतिको हुन सक्छ, तर विपत्तिपछिको बेवास्ता मानवीय निर्णय हो । नदीको बाढी रोक्न नसकिएला, तर पीडितको आँसु पुछ्ने राज्यको क्षमता अवश्य हुनुपर्छ ।

त्यसैले अब सरकारसँग एउटै स्पष्ट माग छ बेपत्ताको संख्या गन्ने होइन, एक–एक व्यक्तिको खोजी गर । परिवारलाई आश्वासन होइन, सूचना देऊ । सम्भव भए जीवित फर्काऊ, नभए शव खोजेर अन्तिम संस्कार गर्ने अधिकार देऊ । किनकि बेपत्ता नागरिकको परिवारलाई सबैभन्दा ठूलो राहत पैसा होइन, आफ्नो मान्छेको अवस्थाबारे सत्य थाहा पाउनु हो । र राज्यले आफ्ना नागरिकको खोजीमा हार मान्ने अधिकार राख्दैन ।

# वर्षान्तको बजेट खर्च रोक्ने मधेशको नयाँ परीक्षण

अजयकुमार साह




**धनुषा ।**
मधेश प्रदेशमा विकास बजेट खर्च गर्ने पुरानो शैली परिवर्तन गर्ने प्रयास सुरु भएको छ । आर्थिक वर्षको अधिकांश समय विकास निर्माणका योजना अलपत्र राख्ने र असारमा आएर बजेट सक्नकै लागि धमाधम काम गर्ने प्रवृत्ति अन्त्य गर्ने उद्देश्यले प्रदेश सरकारले यस वर्ष आर्थिक वर्षको सुरुदेखि नै बजेट कार्यान्वयनमा लैजाने नीति लिएको छ । प्रदेशको अर्थ मन्त्रालयले सबै मन्त्रालयलाई बजेट कार्यान्वयनका लागि अख्तियारी उपलब्ध गराएपछि अब विकास आयोजनाको प्रक्रिया भदौबाटै अघि बढाउन बाटो खुलेको छ । मन्त्रालयहरूले योजना तयारी, लागत अनुमान, बोलपत्र आह्वान र ठेक्का प्रक्रियालाई सुरुदेखि नै अघि बढाउन सक्नेछन् । प्रदेश अर्थ मन्त्रालयको वेबसाइटमा चालु आर्थिक वर्षको बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शन, विनियोजन ऐन, रातो किताब र वार्षिक विकास कार्यक्रमसमेत सार्वजनिक गरिएको छ ।

मधेश प्रदेशमा मात्र होइन, देशका धेरै सरकारी निकायमा आर्थिक वर्षको अन्त्यतिर विकास खर्च बढ्ने प्रवृत्ति पुरानै समस्या हो । वर्षको सुरुआतमा बजेट विनियोजन भए पनि योजना कार्यान्वयनका लागि आवश्यक प्रशासनिक तथा प्राविधिक प्रक्रिया ढिला हुने गर्छ । त्यसपछि आर्थिक वर्ष सकिन लाग्दा बजेट खर्च गर्ने दबाब बढ्छ । यही दबाबले जेठ र असारमा सडक, नाला, भवन, कल्भर्टलगायतका काम एकैपटक अघि बढ्ने गरेका छन् । काम सम्पन्न गर्ने समय छोटिँदै जाँदा अनुगमन कमजोर हुने र निर्माणको गुणस्तरमा सम्झौता हुने जोखिम बढ्छ । अर्थमन्त्री युवराज भट्टराईका अनुसार विगतमा अर्थ मन्त्रालयले बजेट बनाउने तर मन्त्रालयहरूले समयमै बजेट प्राप्त नगर्ने गुनासो आउने गरेको थियो । अब भने विनियोजित बजेट कार्यान्वयनका लागि सुरुदेखि नै उपलब्ध गराउने व्यवस्था गरिएको छ । अर्थमन्त्री भट्टराईले भने, ‘अब विगतमा जस्तो आर्थिक वर्षको अन्त्यमा हतारहतारमा विकास निर्माणको काम गर्नुपर्ने अवस्था हुँदैन ।’ कुनै आयोजना कार्यान्वयनका लागि बजेटबाहेक विस्तृत अध्ययन, लागत अनुमान, प्राविधिक डिजाइन, जग्गा तथा वातावरणीय पक्ष, बोलपत्र कागजात, ठेक्का सम्झौता र निर्माण व्यवसायीको परिचालनजस्ता धेरै चरण पार गर्नुपर्छ । यीमध्ये कुनै एक चरणमा ढिलाइ भयो भने सुरुमै बजेट उपलब्ध भएपनि आयोजना असारसम्म धकेलिन सक्छ ।

मधेश प्रदेशको नयाँ अभ्यासको वास्तविक परीक्षा अर्थ मन्त्रालयले बजेट खुला गरेको दिनभन्दा मन्त्रालयहरूले बोलपत्र कहिले निकाल्छन्, सम्झौता कहिले गर्छन् र निर्माणस्थलमा काम कहिले सुरु हुन्छ भन्नेमा निर्भर हुनेछ । यसपटक प्रदेश सरकारले विकास निर्माणका काम बोलपत्र प्रक्रियामार्फत अघि बढाउने नीतिले उपभोक्ता समितिमार्फत गरिने साना–साना योजनाको विकल्प खोजेको देखिन्छ । चालु आर्थिक वर्षको बजेटमा रु एक करोडभन्दा कम लागतका योजना समावेश नगर्ने नीति लिइएको छ । प्रदेश सभाबाट पारित बजेटमा यस्तो व्यवस्था गरिनुको एउटा प्रमुख कारण टुक्रे योजनाको सङ्ख्या घटाउनु र सीमित स्रोतलाई ठूला तथा परिणाममुखी आयोजनामा केन्द्रित गर्नु हो । विगतमा साना योजनाहरू उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्दा योजना छनोटदेखि भुक्तानीसम्म अनियमितता र कमिसनको खेल हुने गरेको आरोप लाग्दै आएको थियो । रु एक करोडको सीमा र बोलपत्र प्रणालीले यस्ता सम्भावना घटाउने अपेक्षा गर्न सकिन्छ तर यसलाई आफैँमा भ्रष्टाचार नियन्त्रणको पूर्ण उपाय मान्न भने सकिँदैन । प्रणालीसँगै ठेक्का व्यवस्थापन, प्राविधिक अनुगमन, सार्वजनिक सूचना र कामको गुणस्तर परीक्षण पनि बलियो हुन आवश्यक रहेको सरोकारवाला बताउँछन् । प्रदेश सरकारले बोलपत्रलाई प्राथमिकता दिएपछि अर्को प्रश्न स्थानीय सहभागिताको हो ।

उपभोक्ता समितिबाट हुने काममा स्थानीय नागरिकको प्रत्यक्ष सहभागिता हुने भएकाले कतिपय अवस्थामा साना सामुदायिक संरचना निर्माणमा त्यसको उपयोगिता देखिँदै आएको छ । तर यही माध्यमबाट योजना टुक्र्याउने, राजनीतिक पहुँचका आधारमा योजना बाँड्ने र कमिसनको आरोप लाग्ने अवस्था पनि देखिएको छ । बोलपत्रमा गएर पनि ठूला निर्माण व्यवसायीले काम ओगट्ने, समयमा सम्पन्न नगर्ने र स्थानीय आवश्यकतालाई बेवास्ता गर्ने अवस्था आयो भने मात्र प्रणाली परिवर्तनले अपेक्षित परिणाम दिन सक्दैन । मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि रु ४१ अर्ब १३ करोड ८६ लाखको बजेट ल्याएको छ । बजेट ठूलो भए पनि यसको सम्पूर्ण रकम प्रदेशको आफ्नै राजस्वबाट मात्र आउने होइन । सङ्घीय अनुदान तथा राजस्व प्राप्तिमा कमी आएमा प्रदेशको खर्च क्षमता प्रभावित हुन सक्छ । अर्थ मन्त्रालयले केही मन्त्रालयका केही शीर्षकको बजेट रोक्का राखेको जनाएको छ । स्रोतको अनिश्चितताबीच सबै बजेट एकैपटक खुला गर्दा भविष्यमा भुक्तानी व्यवस्थापनमा समस्या आउन सक्ने जोखिमलाई सरकारले ध्यान दिनुपर्ने देखिन्छ । बजेट समयमै उपलब्ध गराउने र स्रोतको सुनिश्चितता कायम गर्नेबीच सन्तुलन कायम राख्नु पनि नयाँ अभ्यासका लागि चुनौती बन्नसक्ने सम्भावना देखिन्छ ।

मधेश प्रदेशले बजेट खर्चको पुरानो अभ्यास बदल्न खोजेको छ तर विकास बजेटको सफलता खर्च प्रतिशतले मात्र मापन गर्नु अर्को पुरानो गल्ती हुनेछ । यदि भदौ महिनामै ठेक्का लाग्यो तर आयोजना वर्षौंसम्म सम्पन्न भएन भने समयमै बजेट कार्यान्वयन हुन सक्दैन । प्रदेश सरकारका लागि मुख्य चुनौती कति बजेट खर्च भयो’ होइन, ‘कति काम समयमा, गुणस्तरीय र पारदर्शी रूपमा सम्पन्न भयो भन्ने कुराले बजेको सही कार्यान्वयनलाई पुष्टि गर्दछ । खर्च बढ्यो तर सडक केही महिनामै भत्कियो, भवन प्रयोगविहीन भयो वा आयोजना नागरिकको आवश्यकताअनुसार भएन भने त्यसलाई विकासको उपलब्धि मान्न सकिँदैन । प्रदेश सरकारले विगतको वर्षान्तमुखी खर्च प्रणाली परिवर्तन गरी अर्थ मन्त्रालयले बजेट उपलब्ध गराउने कामसँगै मन्त्रालयहरूको कार्यसम्पादन पनि नियमित रूपमा सार्वजनिक गर्नुपर्ने देखिन्छ । मधेश प्रदेशको यो नीति बजेट खर्च गर्ने समय परिवर्तन गर्ने मात्र होइन, विकास प्रशासनको कार्यशैली परिवर्तन गर्ने अवसर पनि हो । असारको अन्तिम दिन बजेटसक्ने संस्कार तोडेर भदौदेखि नै काम सुरु गर्ने अभ्यास संस्थागत गर्न सकियो भने प्रदेशको विकास खर्चमा मात्र होइन, सार्वजनिक निर्माणको गुणस्तरमा पनि सुधार आउन सक्छ । रासस

# विपद्को मैदानमा ‘एमआरआर’ सम्बद्ध युवाको भूमिका प्रशंसनीय

नारायण अधिकारी



**चितवन ।**
युवा पिँढीलाई जोड्दै आएको एमआरआर (मेन्स रुम रिलोडेड) नामक सामाजिक सञ्जालको समूहले भोटेकोशी हुँदै त्रिशूली नदीमा गएको बाढीबाट प्रभावितको उद्धार, शव व्यवस्थापन तथा राहत वितरणमा उदाहरणीय काम गरेको भनी प्रशंसा गरिएको छ । स्पष्ट पहिचानसहित खटिएको युवा समूहले भदौ ११ गतेको बाढीले बगाएर ल्याएका शवको खोजी, पहिचान, व्यवस्थापनसहित प्रभावित परिवारजनलाई समेत सहजीकरण तथा सहयोग गरेकामा उच्च प्रशंसा गरिएको हो । ‘एमआरआर’ लेखिएको ज्याकेट, टोपी र टिसर्ट लगाएका युवाहरू राहत सामग्री बोकेर प्रभावित गाउँबस्तीमा पुग्ने तथा अत्यावश्यक स्वास्थ्य सामग्री अस्पतालसम्म पुर्याउने काममा अहोरात्र खटिएर सबैको मन जित्न सफल भएका हुन् । जिल्लास्थित सुरक्षाकर्मीका अनुसार सो समूह राहत, उद्धारमा खटिएका सुरक्षाकर्मीसँग पनि समन्वय गर्दै बाढी प्रभावितका पक्षमा खटिएको थियो । स्वास्थ्यकर्मी, इन्जिनियर, सूचनाप्रविधि क्षेत्रका स्वयंसेवी सम्मिलित १०० भन्दा बढी युवा राहत तथा उद्धार कार्यमा खटिएका ‘एमआरआर’ चितवनका संयोजक फणिन्द्र न्यौपानेले जानकारी दिए । उनका अनुसार आफ्नो नियमित पेसा तथा व्यवसायबाट अतिरिक्त समय निकालेर सङ्कटका बेला एउटै उद्देश्यका साथ ‘फिल्ड’मा खटिने युवाहरूको साझा परिचयसहितको अभियान नै ‘एमआरआर’ हो ।

सन् २०११ मा फेसबुकमार्फत सुरु भएको ‘एमआरआर’मा देशभरका हजारौँ युवा जोडिएका छन् । विभिन्न पेसा र क्षेत्रमा आबद्ध युवाहरू सामाजिक सञ्जालमार्फत जोडिएर आवश्यक परेको समयमा स्वयंसेवीका रूपमा परिचालित हुँदै आएका छन् । भूकम्प, बाढी, पहिरो, आगलागीलगायत प्राकृतिक तथा मानवीय विपद्का समयमा उनीहरू राहत तथा उद्धारका काममा सक्रिय हुने गरेका अध्यक्ष न्यौपानेले जानकारी दिए ।

उनका अनुसार जिल्लामा आवश्यकता अनुसार स्वयंसेवकलाई विभिन्न टोलीमा परिचालन गरिएको थियो । उनले भने, ‘हामीसँग स्वास्थ्यकर्मी, इन्जिनियर, सूचना प्रविधि, व्यवस्थापनलगायत विभिन्न क्षेत्रका दक्ष युवा स्वयंसेवक आबद्ध हुनुहुन्छ । त्यसैले जहाँ जुन प्रकारको सहयोग आवश्यक पर्छ, त्यहीअनुसार टोली परिचालित हुँदै आएको छ ।’ सो समूहले विपद्को अवस्था र आवश्यकताअनुसार उनीहरूलाई फरक–फरक जिम्मेवारी दिएर परिचालन गर्दै आएको छ । एमआरआरका स्वयंसेवकले राहत तथा उद्धारका काममा स्थानीय प्रशासन, सुरक्षा निकाय, स्वास्थ्य संस्था, स्थानीय तह तथा अन्य स्वयंसेवी समूहसँग समन्वय गर्दै आएका थिए । न्यौपानेले भने, ‘हामी जहाँ पुग्छौं, त्यहाँको स्थानीय प्रशासन र सुरक्षाकर्मीसँग समन्वय गरेर मात्रै काम गर्छौं । यसले राहत वितरणदेखि स्वास्थ्य सामग्री पुर्याउने कामसम्म प्रभावकारी हुन्छ ।’

बाढीपछि चितवनबाट स्वयंसेवकको टोली धादिङ र नुवाकोटसम्म पुगेर प्रभावित क्षेत्रमा तीन दिनसम्म काम गरेको थियो । टोलीले प्रभावित परिवारका लागि राहत सामग्री, औषधि तथा आकस्मिक स्वास्थ्य सामग्री पुर्याएको थियो । स्थानीय स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीमार्फत आवश्यक सामग्री हस्तान्तरण गर्नुका साथै प्रभावित समुदायको अवस्था बुझ्ने कामसमेत गरिएको अध्यक्ष न्यौपानेले बताए । ‘एमआरआर’ सदस्य चिरञ्जीवी पन्त भोटेकोशी बाढीपछिको विपत्मा सुरुदेखि नै खटिएको बताउँदै शव व्यवस्थापनदेखि शव पहिचान केन्द्र सञ्चालनका लागि आवश्यक सामग्री जुटाउने, कागजपत्र, प्रिन्टरलगायत सामग्री व्यवस्थापन गर्ने तथा शव पहिचानका लागि आएका आफन्तको व्यवस्थापनमा समेत आफूहरू खटिएको बताउँछन् ।

त्यसैगरी अर्का सदस्य अर्जुन अधिकारीका अनुसार भोटेकोशी बाढीपछि चितवनबाट ‘एमआरआर’को टोली सक्रिय रूपमा अग्रपङ्क्तिमा खटिएको उनको भनाइ छ । युवा स्वयंसेवकका लागि विपद्मा गरिने सहयोग राहत सामग्री वितरणमा मात्र सीमित छैन । प्रभावित नागरिकको अवस्था बुझ्ने, उनीहरूका कुरा सुन्ने तथा दुःखमा साथ दिने कामलाई पनि उनीहरूले उत्तिकै महत्व दिने गरेका छन् । भोटेकोशी बाढीपछि नवलपुरको मध्यबिन्दु प्रादेशिक अस्पतालमा शव व्यवस्थापनका लागि आवश्यक सामग्रीको अभाव भएपछि चितवनबाट नवलपुरका स्वयंसेवकसँग समन्वय गरी मास्क, पिपिई, पञ्जा, फिनेल तथा अन्य आवश्यक सामग्री सहयोग गरिएको थियो । अस्पतालमा शव व्यवस्थापनका लागि आवश्यक सामग्री जुटाउने काममा एमआरआरसँग आबद्ध स्वयंसेवकले सहजीकरण गरेको संयोजक न्यौपानेले बताए ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जिल्लाका सुरक्षा निकायसँग समन्वय गरेर ‘एमआरआर’ले उदाहरणीय काम गरेको बताए । जिल्लामा शवको खोजी र व्यवस्थापन निकै जटिल भएको समयमा ‘एमआरआर’ले समन्वय गरेर काम सघाएको उनको भनाइ छ । जसले गर्दा जिल्लामा शव व्यवस्थापनमा सहज भएको अर्याल बताउँछन् । जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलले भोटेकोशी बाढीको सुरुआती समयदेखि शव व्यवस्थापनको अन्तिम चरणसम्म ‘एमआरआर’ले उल्लेखनीय भूमिका निर्वाह गरेको बताए ।

‘एमआरआर’मा आबद्ध युवा समूहको बाढीपछिको विपद् व्यवस्थापनका क्रममा भएको सक्रियता, व्यवस्थापन, समन्वय, सहयोग र सहकार्य प्रशंसशीय एवं उदाहरणीय रहेको उनको भनाइ थियो । रासस

## गैर बैकिंग अचल सम्पत्ति शिलबन्दि लिलाम बिक्री सम्बन्धी पुनः सात दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैर बैकिंग अचल सम्पत्ति जहाँ जे अवस्था र परिमाणमा छ, सोहि अवस्था र परिमाणमा एकमुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बरको गोप्य शिलबन्दी बोलपत्र लिलामद्धारा बिक्री गरिने हुदाँ उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ। विभिन्न मितिमा ७ दिने **गैर बैकिंग अचल सम्पत्तिको रुपमा रहेको घरजग्गाहरु शिलबन्दि लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित गर्दा समेत बिक्री नभएकोले,** मिति निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६, गितामन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरिन्छ।

**तपसिल**

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) |
|---|---|---|
| पर्सा ,बर्वागोग ६<br>(हाल वीरगंज म.न.पा. वडा नं. १९) | १५ | ६०९.५१<br>(०-१-१६-०) |
| पर्सा, विरगंज उ.म.न.पा. वडा नं. १४<br>(हाल वीरगंज म.न.पा. वडा नं. ११) | ८८ | ४०२.०० |
| रामगढवा ०३ ,पर्सा<br>(हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११७ | १०१.५८ |
| रामगढवा ०३ ,पर्सा<br>(हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११८ | २२८.०३ |
| रामगढवा ०३ ,पर्सा<br>(हाल वीरगंज म.न.पा. वडा नं. २४) | २९० | ७३०.०० |
| प्रसौनि विर्ता ०२,पर्सा | २५२ | ००३३८.६३ |
| प्रसौनि विर्ता ०४,पर्सा | ६९<br>७१ | ०१३५.३०<br>००३४.०० |
| प्रसौनि विर्ता ०७,पर्सा | २८९ | ००९६.५० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १५४२ | ०-०-१० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३४ | ०-४-११-१/४ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १०९७ | ०-९-२.५ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३३ | ०-४-११.२५ |
| हरिवन वडा नं. ०८(क) ,सर्लाही | १० | ०-१९-५ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४४ | ०-१-७ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४३ | ०-१-० |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ९३७ | ०-१-३ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | २८० | ०-११-८ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८० | ०-५-११ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८१ | ०-५-१० |
| हरिपुर वडा नं. ०६(क) ,सर्लाही | १९९ | ०-८-० |
| लिपनिबिर्ता वडा नं.०६,पर्सा<br>(हाल वीरगंज म.न.पा. वडा नं.२१) | ५५ | ८८.७५ |
| फाखेल वडा नं. ०१ ,मकवानपुर | ३७ | १-५-०-०(रोपनी) |
| बनकटवा ०५,पर्सा | २२७ | ०-८-१०-० |
| बनकटवा ०५,पर्सा | २२१ | ०-६-१०-० |
| बनकटवा ०५ ,पर्सा | ६९ | ०-४-६-८ |
| बनकटवा ०५ ,पर्सा | १११ | ०-०-९-१२.५ |
| बनकटवा ०५ ,पर्सा | १०८ | ०-१-१७-८ |
| पोखरिया वडा नं ०९,पर्सा | ९३ | १२७० व.मि. |
| बसन्तपुर वडा नं ०६,पर्सा | २३५ | ०-०-७-४ |
| बसन्तपुर वडा नं. ०६,पर्सा | ४८९ | ०-२-० |
| बसन्तपुर वडा नं. ०७,पर्सा | २११ | ०-४-०-० |
| बसन्तपुर वडा नं. ०७,पर्सा | ६२६ | ०-२-२-८ |
| सखुवाप्रसौनी ०१,पर्सा | ३२ | २१२०.०० |
| धोरे ०२,पर्सा | ८१<br>११६<br>११८<br>१५० | ०-१-२-८<br>०-०-१०-०<br>०-०-५-०<br>०-०-७-८ |

**शिलबन्दी लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा वा विकास बैंकको नाममा जारी गरिएको क, ख वा ग बर्गको बैंक वा बित्तीय संस्थाबाट जारी गुडफर पेमेन्ट चेक वा बैंक ड्राफटको सक्कल बोलपत्र साथ पेश गर्नुपर्नेछ। बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३५(पैतिस) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ। सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ। बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ भाद्र ३१ गते बुधबार दिउँसो ४:०० बजे सम्म**

**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३ असोज १ गते बिहिबार दिउँसो ४:०० बजे देखि (८ औ दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन)**

**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज, पर्सा।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालयः
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज, टेडारोड, बदननगर (जीतपुर), बर्दिबास (महोत्तरी), बरहथवा (सर्लाही)।


# ६ जना फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषा प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका ६ जना प्रतिवादीलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार धनुषा जिल्ला अदालतबाट फैसला भई सजाय तोकिएका फरार प्रतिवादीको खोजतलास गर्ने क्रममा उनीहरूलाई बुधबार पक्राउ गरिएको हो।

पक्राउ पर्नेमा जालसाजी मुद्दामा दुई–दुई वर्ष कैद सजाय तोकिएका तीन जना, चोरी मुद्दामा तीन दिन कैद तथा जरिवाना तोकिएका एक जना र कुटपिट तथा लुटपिटसम्बन्धी मुद्दामा कैद तथा जरिवाना सजाय तोकिएका दुई जना रहेका छन्। प्रहरीका अनुसार अदालतको फैसला कार्यान्वयनअन्तर्गत खोजी अभियान सञ्चालन गरी उनीहरूलाई पक्राउ गरिएको हो। पक्राउ परेका सबैलाई आवश्यक कानुनी कारबाहीका लागि धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

अदालतबाट सजाय तोकिएर फरार रहेका अन्य प्रतिवादीको खोजी तथा पक्राउ अभियानसमेत जारी रहेको प्रहरीले जनाएको छ।

# नारायणी अस्पतालमा क्याथ ल्याब संचालनमा

**मधेशदृष्टि**
**वीरगंज।**
नारायणी अस्पताल वीरगञ्जमा लामो समयदेखि सञ्चालनमा आउन नसकेको क्याथ ल्याब सेवा सञ्चालनमा आएको छ। २०७६ चैतमा खरिद गरिएको क्याथ ल्याब उपकरण लामो समयसम्म जडान हुन नसक्दा सेवा सञ्चालनमा आउन सकेको थिएन। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले उपकरण जडान गरी सेवा सञ्चालनमा ल्याउन निर्देशन दिएपछि गत असारदेखि जडान प्रक्रिया अघि बढाइएको थियो।

उपकरण जडान सम्पन्न भई भदौ १० गतेदेखि क्याथ ल्याब सञ्चालनमा आएपछि बिरामीले अस्पतालबाटै मुटुरोगसम्बन्धी विशिष्टीकृत सेवा लिन थालेको अस्पतालका प्रवक्ता डा. उदयनारायण सिंहले जानकारी दिए।

# संस्थागत विद्यालयका समस्या तत्काल समाधान गर्न माग



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिकाभित्र सञ्चालित संस्थागत विद्यालयका विभिन्न समस्या तत्काल समाधान गर्न निजी विद्यालयका छाता संगठनहरूले नगर नेतृत्वको ध्यानाकर्षण गराएका छन्। संस्थागत विद्यालयका प्रतिनिधिहरूले प्रमुख प्रशासकीय अधिकृत ज्ञानहरि घिमिरेलाई ध्यानाकर्षण पत्र बुझाउँदै जनकपुरधामको शैक्षिक वातावरणलाई व्यवस्थित, गुणस्तरीय र प्रभावकारी बनाउन स्थानीय सरकारको भूमिका महत्वपूर्ण रहेको बताएका छन्।

उनीहरूले उपमहानगरपालिकाले शिक्षा क्षेत्रमा विभिन्न पहल तथा कार्यक्रम अघि बढाए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको भन्दै तत्काल आवश्यक प्रक्रिया अघि बढाउन माग गरेका छन्। ध्यानाकर्षण पत्रमा माथिल्लो कक्षा सञ्चालनका लागि अनुमति माग गरेका विद्यालयलाई चैत मसान्तभित्र अनुमति प्रदान गरी त्यसको विवरण सार्वजनिक गर्न माग गरिएको छ। स्थानीय विषय लागू गरिए पनि हालसम्म पाठ्यपुस्तक उपलब्ध नभएको भन्दै तत्काल पुस्तक उपलब्ध गराउन पनि आग्रह गरिएको एनप्याबसन जनकपुरधाम नगर अध्यक्ष दीपक ठाकुरले बताए।

त्यस्तै, संस्थागत विद्यालयका लागि शुल्क निर्धारण गरिए पनि प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको भन्दै शुल्कसम्बन्धी निर्णय व्यवहारमा लागू गर्नुपर्ने माग गरिएको छ। संस्थागत विद्यालयको अनुगमन गरी वर्गीकरण गर्ने व्यवस्था भए पनि हालसम्म वर्गीकरण हुन नसकेकोप्रति पनि संगठनहरूले प्रश्न उठाएका छन्। अनुगमनका क्रममा अनुमति प्राप्त कक्षाभन्दा माथिल्ला कक्षा सञ्चालन गरिरहेका विद्यालय फेला परे पनि कारबाही नभएको भन्दै त्यस्ता विद्यालयमाथि तत्काल कानुनी प्रक्रिया अघि बढाउन माग गरिएको छ। अनुमति वा दर्ताबिनै सञ्चालनमा रहेका विद्यालयलाई बन्द गर्नुपर्ने तथा अनुमति लिएर पनि सञ्चालनमा नरहेका विद्यालयको यकिन गरी आवश्यक प्रक्रिया पूरा गरेर अनुमति खारेज गर्नुपर्ने मागसमेत ध्यानाकर्षण पत्रमा उल्लेख छ। निजी विद्यालयका छाता संगठनहरूले जनकपुरधामको शैक्षिक क्षेत्रलाई व्यवस्थित बनाउन ध्यानाकर्षण पत्रमा उल्लेख गरिएका विषयलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न उपमहानगरपालिकासँग माग गरेका छन्।

# अग्रगामी मोर्चाको समन्वय ....

सदस्य रामबाबु यादव, आजपा केन्द्रीय कार्यालय सदस्य अशोक लामा, आत्माराम साहलगायत विभिन्न दल तथा मोर्चासँग आबद्ध नेताहरूको सहभागिता रहेको थियो।

असोज ३ गते वीरगंजमा शक्ति प्रदर्शनको तयारी
बैठकको मुख्य एजेन्डा असोज ३ गते वीरगंजमा आयोजना हुने भेला तथा अभिमुखीकरण कार्यक्रमलाई केन्द्रमा राखिएको थियो। कार्यक्रमलाई व्यवस्थित, भव्य र प्रभावकारी बनाउन बारा र पर्साका विभिन्न पालिका तथा जिल्लास्तरबाट व्यापक सहभागिता जुटाउने विषयमा नेताहरूबीच छलफल भएको जनाइएको छ।

मोर्चाले आगामी कार्यक्रमलाई संगठन विस्तार, राजनीतिक समन्वय तथा कार्यकर्ता परिचालनका दृष्टिले महत्वपूर्ण रूपमा लिएको देखिएको छ। त्यसका लागि स्थानीय तहदेखि जिल्लास्तरसम्म आवश्यक तयारी तीव्र पार्ने विषयमा समेत बैठकमा छलफल भएको बताइएको छ।

**पालिका तहसम्म सहभागिता विस्तार गर्ने रणनीति**
असोज ३ गतेको कार्यक्रमलाई लक्षित गर्दै बारा र पर्साका विभिन्न पालिकाबाट नेता तथा कार्यकर्ताको उल्लेख्य सहभागिता गराउने तयारी गरिएको छ। कार्यक्रमलाई केवल औपचारिक भेलामा सीमित नराखी मोर्चाको राजनीतिक गतिविधि तथा संगठनात्मक संरचनालाई थप प्रभावकारी बनाउने उद्देश्यले अघि बढाउने विषयमा जोड दिइएको जनाइएको छ।

बैठकमा सहभागी नेताहरूले स्थानीयस्तरमा संगठनलाई सक्रिय बनाउँदै जनतासँग प्रत्यक्ष सम्पर्क र समन्वय बढाउनुपर्नेमा जोड दिएको बताइएको छ। अग्रगामी मोर्चामा आबद्ध विभिन्न राजनीतिक शक्तिहरूका शीर्ष तथा जिल्ला तहका नेताहरूको सहभागिताले पनि बारा–पर्सामा मोर्चाको आगामी गतिविधिलाई विशेष चासोका साथ हेरिएको छ।

**नेताहरूको सहभागिताले बढायो राजनीतिक चासो**
पूर्वमुख्यमन्त्रीद्वय जितेन्द्र सोनल र लालबाबु राउतसहित विभिन्न दलका प्रभावशाली नेताहरू बैठकमा सहभागी भएपछि अग्रगामी मोर्चाको आगामी कार्यक्रमप्रति राजनीतिक वृत्तमा चासो बढेको छ। विशेषगरी मधेशमा विभिन्न राजनीतिक शक्तिहरूबीच सहकार्य, समन्वय र संयुक्त गतिविधिको बहस चलिरहेका बेला बारा–पर्साका जिल्ला समन्वय समितिको बैठकलाई अर्थपूर्ण रूपमा हेरिएको छ।

बैठकले असोज ३ गते वीरगंजमा हुने कार्यक्रमलाई सफल बनाउन जिल्लाका विभिन्न तहमा समन्वय तथा परिचालनलाई तीव्रता दिने निष्कर्ष निकालेको छ। अब असोज ३ गते वीरगंजस्थित टाउन हलमा हुने भेला तथा अभिमुखीकरण कार्यक्रममा बारा र पर्साबाट कस्तो सहभागिता जुट्छ र मोर्चाले आगामी राजनीतिक गतिविधिका लागि कस्तो सन्देश प्रवाह गर्छ भन्ने विषयमा चासो बढेको छ।

# क्यासिनो काण्डमा नयाँ...

र प्रमाणबीचको अन्तर छुट्याउनुपर्ने आवश्यकता देखाउँछ। सार्वजनिक भिडियो महत्वपूर्ण प्रमाणको सम्भावित स्रोत हुन सक्छ, तर त्यसको आधिकारिक परीक्षण र सीसीटीभीसहित अन्य प्रमाणसँग मिलान नगरी कसैलाई दोषी ठहर गर्न मिल्दैन।

यद्यपि, यही कारण देखाएर सार्वजनिक रूपमा उठेका प्रश्नलाई बेवास्ता पनि गर्न मिल्दैन। यदि भिडियोमा अध्यक्ष चौधरी देखिएका हुन् भने उनी क्यासिनोमा किन पुगे? उनले जुवा खेले कि खेलेनन्? प्रहरीले छापा मार्दा उनी कहाँ थिए? उनीमाथि अनुसन्धान किन भएन वा भइरहेको छ? यी प्रश्नको जवाफ प्रमाणसहित सार्वजनिक हुनु आवश्यक छ।

अब यो घटनाको वास्तविकता निष्पक्ष अनुसन्धानले प्रमाणित गर्नुपर्नेछ।

प्रहरीले पक्राउ परेका र भिडियोमा देखिएका सबै व्यक्तिको भूमिका एउटै मापदण्ड र प्रमाणका आधारमा परीक्षण गर्नुपर्छ। भिडियोमा देखिएको दुबै व्यक्ति निर्वाचित जनप्रतिनिधि हुन्, तर एकजना प्रहरी थुनामा छन् भने अर्कोको नाम कतैपनि छैन। कानून सबैको लागि बराबर हुन्छ, त्यसमा पनि दुबैजना निर्वाचित जनप्रतिनिधि। दुबैलाई समान व्यवहार हुनुपर्छ। कसैलाई कडा व्यवहार र कसैलाई छुट हुने अवस्था सिर्जना भए त्यसले प्रहरी अनुसन्धानमाथिको विश्वास थप कमजोर बनाउनेछ। क्यासिनोमा जुवा खेल्नु वा नेपाली नागरिकलाई नियमविपरीत प्रवेश गराउनु प्रमाणित भए कानुन सबैका लागि समान रूपमा लागू हुनुपर्छ। जनप्रतिनिधिको पद कानुनभन्दा माथि होइन, प्रहरी अधिकारीको पहुँच अनुसन्धानभन्दा ठूलो होइन र क्यासिनोको प्रभाव कानुनी कारबाहीभन्दा बलियो हुनु हुँदैन।

# बाढीपीडितलाई ८१ हजार र १४० थान ट्र्याकसुट सहयोग

**मधेशदृष्टि**
**जनकपुरधाम।**
रसुवामा आएको बाढीबाट प्रभावित परिवारको राहत तथा उद्धारका लागि ग्यास विक्रेता संघ धनुषाले राहत रकम तथा राहत सामाग्री सहयोग गरेको छ। संघका सदस्यहरूबाट संकलित ८१ हजार रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्न जिल्ला प्रशासन कार्यालय, धनुषामार्फत पठाइएको संघले जनाएको छ।

त्यस्तै, बाढी प्रभावितका लागि संघले १४० थान ट्र्याकसुटसमेत जनकपुरधाम उद्योग वाणिज्य संघमार्फत पठाएको छ। ग्यास विक्रेता संघ धनुषाका अध्यक्ष फुलदेव पण्डितले रसुवामा बाढीका कारण भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै विपद्को समयमा पीडित परिवारलाई सहयोग पु¥याउने उद्देश्यले सदस्यहरूबाट रकम तथा सामग्री संकलन गरिएको बताए।

उनले विपद्बाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनाका लागि आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्ने संघको प्रतिबद्धता रहेको बताए।

# महिला, बालबालिका तथा सामाजिक न्याय समितिको वार्षिक प्रतिवेदन पेश

**जनकपुरधाम।**
मधेश प्रदेशको महिला, बालबालिका तथा सामाजिक न्याय समितिले आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन प्रदेशसभाका सभामुख रामअशिष यादवसमक्ष पेश गरेको छ। समितिकी सभापति रूपा कुमारी यादवको नेतृत्वमा सदस्यहरूले बुधबार सभामुख यादवलाई प्रतिवेदन बुझाएका हुन्।

प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ मा समितिले महिला, बालबालिका तथा सामाजिक न्यायका क्षेत्रमा गरेका गतिविधि, अनुगमन तथा कामकारबाही समेटिएको छ।

समितिले महिला तथा बालबालिकाको अधिकार संरक्षण, सामाजिक न्याय प्रवर्द्धन तथा सम्बन्धित विषयमा प्रदेश सरकारका कामकारबाहीको अनुगमन गर्दै आवश्यक सुझाव दिँदै आएको छ।

प्रतिवेदन बुझ्दै सभामुख यादवले समितिले आफ्नो कार्यक्षेत्रअनुसार गरेका काम तथा प्रस्तुत गरेका सुझाव महत्वपूर्ण रहेको बताए। प्रदेशसभाको प्रभावकारिता बढाउन विषयगत समितिहरूको भूमिका महत्वपूर्ण हुने उनको भनाइ थियो। समितिकी सभापति रूपा कुमारी यादवले महिला, बालबालिका तथा सामाजिक न्यायका सवाललाई प्राथमिकतामा राख्दै आगामी दिनमा समितिको कामलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरिन्।

# भदौ २३ र २४ को घटनामा संलग्न सबैमाथि छानविन गरि कारवाहीको माग



**मधेशदृष्टि**
**काठमाडौँ।**
नेपाली कांग्रेसका सभापति गगन थापाले भदौ २३ र २४ गते भएका घटनामा संलग्न सबैमाथि निष्पक्ष छानबिन गरी कारबाही गर्न सरकारसँग माग गरेका छन्। बीपी स्मृति दिवसको अवसरमा बुधबार एक भिडियो सन्देश दिँदै सभापति थापाले भदौ २४ गते आफ्नो घरसमेत जलेको स्मरण गर्दै उक्त दिनको आफ्नो व्यक्तिगत पीडाभन्दा घटनामा ज्यान गुमाएका र घाइते भएका युवाको पीडा ठूलो रहेको बताए।

उनले भदौ २३ गते शान्तिपूर्ण आन्दोलनमाथि भएको राज्य दमन र आन्दोलनमा घुसपैठ गरी हिंसा भड्काउनेहरूको पहिचान गर्नुपर्ने बताए। त्यस्तै, भदौ २४ गते सिंहदरबार, अदालतलगायत सार्वजनिक संरचनामा भएको ध्वंसबारे पनि निष्पक्ष अनुसन्धान आवश्यक रहेको उनको भनाइ छ।

यसैबीच नेकपा एमालेका सचिव महेश बस्नेतले गत वर्ष भदौको विध्वंसमा संलग्न व्यक्तिलाई योजनावद्ध जोगाइएको भन्दै प्रहरी–प्रशासनको भूमिकामाथि प्रश्न उठाएका छन्। राज्यको स्रोत, साधन र सामथ्र्य नियन्त्रणमा लिएर केही निश्चित मानिसहरूलाई बचाउने खेल भएको उनले दाबी गरे।

आफूहरूले २४ गतेको अपराधमा संलग्न व्यक्तिविरुद्ध प्रहरीमा जाहेरी दिए पनि उनीहरूमाथि कारबाही नभएको बस्नेतको गुनासो छ। यसले प्रहरीसमेत घटनामा संलग्न रहेको आशंका पैदा भएको दाबी गर्दै उनले जेनजी प्रदर्शनमा प्रहरी चौकी, अदालत, सवारीसाधन तथा हतियारमा ठूलो क्षति भएको स्मरण गराएका छन्।

# होटल अमन प्यालेसमा ...

लागूऔषधको स्रोत, कारोबारमा उनको संलग्नता तथा सम्भावित अन्य व्यक्तिको भूमिकाबारे समेत अनुसन्धान हुने भएको छ।

सशस्त्र प्रहरीले बरामद लागूऔषध, मोटरसाइकल, मोबाइल तथा नगदसहित पक्राउ परेका कुशवाहालाई आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि नेपाल प्रहरीको जिम्मा लगाउने तयारी भइरहेको जनाएको छ। वीरगंज–रक्सौल नाकालाई प्रयोग गर्दै लागूऔषधको ओसारपसार हुने गरेको आशंकाबीच होटलबाटै ठूलो परिमाणमा ब्राउन सुगर बरामद हुनुले लागूऔषध कारोबारको सम्भावित सञ्जालबारे थप अनुसन्धान आवश्यक देखिएको छ। पक्राउ परेका व्यक्तिसँग बरामद सामग्री र उनी बसेको होटलको कोठालाई आधार बनाएर प्रहरीले कारोबारको उद्देश्य र सम्भावित सम्पर्कबारे अनुसन्धान अघि बढाउने अपेक्षा गरिएको छ।

यस घटनाले सीमावर्ती वीरगंज क्षेत्रमा लागूऔषध नियन्त्रणका लागि सूचना संकलन, निगरानी र संयुक्त सुरक्षा कारबाहीलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता पनि देखाएको छ। पक्राउ परेका कुशवाहामाथि बरामद भएको लागूऔषधको मात्रा, स्रोत र कारोबारसँग सम्बन्धित विषयमा अनुसन्धानपछि कानुनी प्रक्रिया अघि बढाइनेछ। घटनामा अन्य व्यक्ति वा समूहको संलग्नता रहेको वा नरहेको विषय पनि अनुसन्धानबाट खुल्ने प्रहरीले जनाएको छ।

# जेनजी आन्दोलनबाट पनि मधेशको अपेक्षा भएन पूरा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जेनजी आन्दोलनको एक वर्ष पूरा हुँदा मधेशमा त्यस आन्दोलनको सबैभन्दा ठूलो राजनीतिक उपलब्धिका रूपमा मधेशी समुदायबाट बालेन्द्र शाह 'बालेन' प्रधानमन्त्री बनेको विषयलाई हेरिएको छ। महोत्तरीका बालेन अहिले मुलुकको प्रधानमन्त्रीका रूपमा कार्यरत छन्। आफ्नै क्षेत्रका व्यक्ति मुलुकको नेतृत्वमा पुगेपछि मधेशी जनता एकातिर उत्साहित छन् भने अर्कोतिर बालेनले चुनावअघि गरेका प्रतिबद्धता कार्यान्वयन नभएको भन्दै असन्तुष्टसमेत देखिन थालेका छन्।
गत २०८२ माघ ५ गते मधेशको राजधानी जनकपुरधामबाट चुनावी अभियान सुरु गर्दा बालेनले मैथिली भाषामा सम्बोधन गर्दै संघीयतालाई 'बलगर' अर्थात् बलियो बनाउने प्रतिबद्धता जनाएका थिए। उनले अधिकारका लागि अब काठमाडौँ धाउनुपर्ने अवस्था अन्त्य गर्ने बताएका थिए। उनको उक्त भनाइले मधेशी जनतामा ठूलो अपेक्षा जगाएको थियो। तर, ती प्रतिबद्धता व्यवहारमा कार्यान्वयन हुन नसक्दा जनतामा निराशा बढेको सामाजिक अभियन्ता साहन साह बताउँछन्। उनका अनुसार मधेशबाट प्रधानमन्त्री बन्नु जेनजी आन्दोलनको सकारात्मक उपलब्धि भए पनि प्रधानमन्त्री बन्नुअघि बालेनले गरेका प्रतिबद्धता पूरा नहुँदा जनतामा असन्तुष्टि बढेको हो।
'मधेशले प्रधानमन्त्री पाउनु जेनजी आन्दोलनको सकारात्मक उपलब्धि हो, तर प्रधानमन्त्री बन्नका लागि बालेनले गर्नुभएको बाचा पूरा नहुँदा जनता निराश छन्,' साहले भने।
देशभरमै मधेशबाट बालेनलाई सबैभन्दा बढी मत प्राप्त भएको उल्लेख गर्दै साहले उक्त मत बालेनको व्यक्तिगत लोकप्रियता वा राष्ट्रिय स्वतन्त्र पार्टीप्रतिको समर्थनमध्ये कुन पक्षका कारण आएको हो भन्नेबारे पनि अब समीक्षा हुनुपर्ने बताए।
उनका अनुसार बलियो संघीयता, सुशासन र युवा रोजगारीका सवालमा अपेक्षित परिणाम देखिन सकेको छैन। मधेश प्रदेशका ३२ सिटमध्ये राष्ट्रिय स्वतन्त्र पार्टीले ३० सिट जितेको र समानुपातिकतर्फ मधेशबाट ५६.५९ प्रतिशत मत प्राप्त गरेको तथ्यले पनि मधेशको ठूलो जनसमर्थन पार्टी र बालेनको पक्षमा रहेको देखाउँछ। सप्तरीका सामाजिक अगुवा डा. सूर्य यादव भने उक्त जनमतको राजनीतिक प्रतिफलबारे मधेशी जनताले समीक्षा गर्न थालेको बताउँछन्।
जेनजी आन्दोलनपछि बनेको सरकारबाट मधेशका युवाले ठूलो अपेक्षा राखेको भए पनि रोजगारी र अवसरका क्षेत्रमा अपेक्षित सुधार हुन नसकेको यादवको भनाइ छ। मुलुकको नेतृत्व युवाको हातमा पुगे पनि युवाको बेरोजगारी र विदेश पलायनको समस्या कायमै रहेको उनले बताए। 'मधेशले मत दिएर बालेनलाई प्रधानमन्त्री त बनायो, तर त्यसको बदलामा मधेशले केही पाउन सकेन,' यादवले भने। सरकारका पछिल्ला नियुक्तिहरू समावेशी हुन नसकेको दाबी गर्दै यादवले मधेशी मूलका व्यक्ति प्रधानमन्त्री हुँदा पनि मधेशका नागरिक निराश हुनु दुःखद भएको बताए।
यता लेखक तथा सामाजिक अगुवा डा. दीपक चौधरी भने सरकारप्रति तत्काल निराश भइहाल्ने अवस्था नरहेको बताउँछन्। 'अबकी बालेन सरकार' भन्ने नारासहित मधेशले उनलाई नेतृत्वमा पु¥याए पनि अपेक्षा र उपलब्धिबीच दूरी देखिएको उनको भनाइ छ। चौधरीका अनुसार आफ्नै क्षेत्रका व्यक्ति प्रधानमन्त्री बनेपछि मधेशका समस्या समाधान हुने अपेक्षा स्वाभाविक भए पनि त्यसअनुसार परिणाम आउन सकेको छैन। यद्यपि, वर्तमान सरकारले केही गर्ने हुटहुटी देखाएको र सुशासनका क्षेत्रमा आशा जगाएको उनको बुझाइ छ।
'सरकार गठन भएको अझै एक वर्ष पुग्न बाँकी छ। त्यसैले अहिले नै निर्मम समीक्षा गरिहाल्ने बेला भएको छैन,' चौधरीले भने, 'सरकारले अब सुशासनसँगै विकासलाई प्राथमिकतामा राखेर काम गर्नुपर्छ।'
जेनजी आन्दोलनपछि आएको राजनीतिक परिवर्तनले मधेशलाई मुलुकको नेतृत्वमा पुग्ने अवसर दिए पनि त्यसको प्रत्यक्ष लाभ मधेशी जनताले कति पाए भन्ने प्रश्न भने उठ्न थालेको छ। आन्दोलनको एक वर्ष पूरा हुँदा बालेन नेतृत्वको सरकारप्रति मधेशमा आशा, अपेक्षा र असन्तुष्टि तीनै पक्ष देखिन्छन्।
अबको चुनौती मधेशबाट प्रधानमन्त्री बनेको राजनीतिक उपलब्धिलाई व्यवहारिक परिणाममा रूपान्तरण गर्नु हो। सुशासन, संघीयताको सुदृढीकरण, रोजगारी र समान अवसरका क्षेत्रमा सरकारले देखाउने परिणामले मात्रै मधेशले दिएको ठूलो जनमतको औचित्य पुष्टि गर्नेछ।

## जेन–जी आन्दोलनको एक वर्षः
# मधेशका क्षतिग्रस्त सरकारी संरचना अझै अधुरै



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जेन–जी आन्दोलनका क्रममा भएको आगजनी र तोडफोडको एक वर्ष पूरा भए पनि मधेश प्रदेशका क्षतिग्रस्त सरकारी संरचनाको पुनर्निर्माण अझै पूरा हुन सकेको छैन। आन्दोलनका क्रममा क्षति पुगेका कतिपय कार्यालय सामान्य मर्मतसम्भारपछि सञ्चालनमा ल्याइए पनि पूर्ण रूपमा क्षतिग्रस्त तथा आंशिक क्षति भएका संरचनाको पुनर्निर्माण र मर्मतको काम भने अधुरै छ।
गत वर्ष भदौ २३ र २४ गते देशभर भएको जेन–जी प्रदर्शनका क्रममा मधेश प्रदेशका मन्त्रालयहरू रहेको मधेश भवन, प्रदेशसभा भवन, प्रहरी कार्यालय तथा विभिन्न सरकारी र सार्वजनिक संरचनामा आगजनी तथा तोडफोड भएको थियो। आन्दोलनका क्रममा प्रदेशका ९० वटा प्रहरी कार्यालयमा क्षति पुगेको थियो। क्षति पुगेका प्रहरी कार्यालयमध्ये १३ वटा पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए भने ७७ वटा कार्यालयमा आंशिक क्षति पुगेको थियो। ती कार्यालयलाई आवश्यक व्यवस्थापन गरी पुनः सञ्चालनमा ल्याइए पनि पूर्ण क्षति भएका भवनको पुनर्निर्माण तथा आंशिक क्षति भएका संरचनाको मर्मत अझै पूर्ण हुन सकेको छैन।
मधेश भवनका तीनवटा भवन मर्मतसम्भार गरी मन्त्रालयका रूपमा प्रयोगमा ल्याइएका छन्। तर, यसअघि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका रूपमा प्रयोग हुँदै आएको भवन भने अझै बन्द अवस्थामा छ। क्षतिग्रस्त संरचनाको पुनर्निर्माण नहुँदा प्रदेश सरकारका कार्यालय सञ्चालन र सेवा प्रवाहमा समेत समस्या देखिएको छ।
आन्दोलनका क्रममा मधेश प्रदेशका विभिन्न २०७ वटा सरकारी तथा सार्वजनिक कार्यालयमा आगजनी तथा तोडफोड भएको थियो। ठूलो संख्यामा कार्यालय तथा सार्वजनिक संरचनामा क्षति पुगे पनि एक वर्षसम्म पुनर्निर्माणको काम अपेक्षित गतिमा अघि बढ्न नसकेको देखिन्छ।
क्षतिग्रस्त भवनको पुनर्निर्माणमा भएको ढिलाइले सेवा प्रवाहमा समेत प्रत्यक्ष असर पारेको छ। कतिपय कार्यालयमा उपलब्ध संरचनालाई नै मिलाएर कर्मचारी र सेवाग्राहीका लागि काम चलाइएको छ। सामान्य मर्मतपछि कार्यालय सञ्चालनमा आए पनि पर्याप्त पूर्वाधारको अभावमा नियमित काम गर्न कठिनाइ भइरहेको कर्मचारीहरू बताउँछन्।
विशेषगरी पूर्ण रूपमा क्षतिग्रस्त भएका कार्यालयका लागि नयाँ संरचना निर्माण आवश्यक रहे पनि त्यसतर्फको काम अघि बढ्न नसक्दा कार्यालय सञ्चालनको वैकल्पिक व्यवस्था गर्नुपर्ने अवस्था छ। केही कार्यालयमा क्षतिग्रस्त संरचनाका कारण अभिलेख व्यवस्थापन, कर्मचारी बस्ने स्थान तथा सेवाग्राहीका लागि आवश्यक भौतिक सुविधा व्यवस्थापनमा समेत समस्या देखिएको छ।
जेन–जी आन्दोलनका क्रममा मधेश प्रदेशमा ८४ जना प्रहरी र १२ जना सर्वसाधारण घाइते भएका थिए भने एक जनाको मृत्यु भएको थियो। आन्दोलनको क्रममा भएको भौतिक क्षतिको पुनर्निर्माण एक वर्षसम्म पनि पूर्ण हुन नसक्दा आन्दोलनपछि पुनःस्थापनाको काम अझै चुनौतीपूर्ण रहेको देखिएको छ।

# २७५ परिवारले पाए गाउँ ब्लकको लालपुर्जा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
महोत्तरीको एकडारा गाउँपालिका–६ मा गाउँ ब्लकअन्तर्गतको जग्गाको लालपुर्जा वितरण गरिएको छ। नापी कार्यालय महोत्तरीले साविकको कोल्हुवा बगेया गाविसका वडा नम्बर ५, ६, ७ र ८ अन्तर्गतका २ सय ७५ जना जग्गाधनीलाई लालपुर्जा वितरण गरेको हो। लामो समयदेखि जग्गा भोगचलन गर्दै आए पनि कानुनी रूपमा स्वामित्व प्राप्त गर्न नसकेका स्थानीयले लालपुर्जा पाएसँगै वर्षौंदेखिको समस्या समाधान भएको प्रतिक्रिया दिएका छन्।
नापी कार्यालय महोत्तरीका प्रमुख राजुकुमार दुवेदीले आवश्यक प्रक्रिया पूरा गरी आएमा लामो समयदेखि जग्गा भोगचलन गर्दै आएका अन्य व्यक्तिलाई पनि लालपुर्जा उपलब्ध गराउन कार्यालय तयार रहेको बताए। निवेदन नपरेका वा वडाबाट सिफारिस हुन नसकेकाको भने लालपुर्जा वितरण हुन नसकेको उनको भनाइ छ। एकडारा गाउँपालिका–६ का वडाध्यक्ष श्याम चौधरीले लामो समयदेखि जग्गा भोगचलन गर्दै आए पनि कानुनी स्वामित्वको प्रमाणपत्र नहुँदा स्थानीयलाई विभिन्न समस्या हुँदै आएको बताए। नापी कार्यालयसँगको समन्वयमा लालपुर्जा वितरण गरिएपछि स्थानीयको समस्या समाधानतर्फ महत्वपूर्ण उपलब्धि भएको उनले बताए।
कार्यक्रममा बोल्दै संघीय सांसद दीपक साहले वर्षौंदेखि जग्गा भोगचलन गर्दै आएका नागरिकलाई लालपुर्जा उपलब्ध गराउनु राज्यको महत्वपूर्ण दायित्व भएको बताए। लालपुर्जा प्राप्त भएपछि स्थानीयको जग्गामाथिको कानुनी अधिकार थप सुरक्षित हुने उल्लेख गर्दै बाँकी समस्या समाधानका लागि पनि पहल गर्ने प्रतिबद्धता जनाए। त्यस्तै, सांसद उज्ज्वल झाले गाउँ ब्लकको जग्गा व्यवस्थापनको कामले स्थानीयको वर्षौंदेखिको समस्या समाधान भएको बताए। लालपुर्जा वितरणसँगै नागरिकले आफ्नो सम्पत्तिमाथि कानुनी सुरक्षा पाउने र आवश्यक पर्दा त्यसको उपयोग गर्न सहज हुने उनको धारणा थियो।
प्रदेशसभा सदस्य सुरिता साहले लालपुर्जा प्राप्त गर्नु स्थानीय नागरिकका लागि ठूलो उपलब्धि भएको बताइन्। अझै पनि जग्गासम्बन्धी समस्या रहेका नागरिकको पहिचान गरी आवश्यक प्रक्रिया अघि बढाउन सम्बन्धित निकायबीच समन्वय आवश्यक रहेको उनले बताइन्।
महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले गाउँ ब्लकको जग्गालाई कानुनी स्वामित्व प्रदान गर्ने प्रक्रिया नागरिकको हितसँग प्रत्यक्ष जोडिएको बताए। आवश्यक प्रमाण र प्रक्रिया पूरा गरेका जग्गाधनीलाई नियमानुसार लालपुर्जा वितरण गर्ने कार्यलाई प्रशासनले प्राथमिकताका साथ सहजीकरण गर्दै आएको उनको भनाइ छ। यादवले लालपुर्जा प्राप्त गरेपछि जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन तथा कानुनी प्रक्रियाको पालना गर्न सम्बन्धित जग्गाधनीलाई आग्रह गरे।

## अग्रगामी मोर्चाको समन्वय बैठकः
# असोज ३ गते भव्य भेला गर्ने निर्णय



**मधेशदृष्टि**
**वीरगंज।**
अग्रगामी मोर्चा बारा र पर्सा जिल्ला समन्वय समितिको बैठक बाराको प्रसौनीस्थित मधेश सेवा आश्रममा सम्पन्न भएको छ। बैठकले आगामी असोज ३ गते वीरगंजस्थित टाउन हलमा आयोजना हुने अग्रगामी मोर्चाको भेला तथा अभिमुखीकरण कार्यक्रमलाई व्यापक सहभागितासहित प्रभावकारी रूपमा सम्पन्न गर्ने निर्णय गरेको छ। जनमत पार्टीका जिल्ला अध्यक्ष शिवनाथ पटेलको अध्यक्षतामा बसेको बैठकमा जनता समाजवादी पार्टी (जसपा)का केन्द्रीय उपाध्यक्ष तथा पूर्वमुख्यमन्त्री जितेन्द्र सोनलको विशेष उपस्थिति रहेको थियो।
बैठकमा जसपा महासचिव तथा पूर्वमुख्यमन्त्री लालबाबु राउत, आजपा मधेश प्रदेश अध्यक्ष उमेश कुशवाहा, जसपा केन्द्रीय कार्यकारिणी

*बाँकी पृष्ठ ३ मा*




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन